annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २७७, पृष्ठ ८ | काठमाडौं, शनिबार २ फागुन २०८२ | फाल्गुण कृष्णपक्ष त्रयोदशी, नेपाल संवत् ११४६ | SATURDAY, FEBRUARY 14, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# उम्मेदवार भोट माग्दै, कर्णाली चाहिँ विकास



कर्णालीमा के छैन ? जडीबुटी छैन कि, प्रकृतिका अनुपम देन, सांस्कृतिक सम्पदादेखि खानीसम्म । हो, कर्णालीमा सबैथोक छन् । तर, केवल कर्णालीलाई समृद्ध बनाउने सपना छैन र राज्यको लगानी छैन । शोक, भोग र गरिबी मात्र होइन, कर्णालीले सम्पन्नताको परिचय दिन चाहन्छ । त्यसैकारण, भोट माग्न आउने नेतासँग कर्णालीले भन्दैछ- हामी भोट दिउँला, तिमी विकास देऊ ।'

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

विस्तृत पृष्ठ २

रारा ताल ● बिस्नप्रसाद न्यौपाने

## सर्वोच्चद्वारा डोल्माले कानुनबमोजिम कर तिर्नुपर्ने व्याख्या

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले डोल्मा इम्प्याक्ट फन्डलाई पुँजीगत लाभकर छुट दिन नमिल्ने ठहर गर्दै प्रचलित कानुनबमोजिम कर तिर्नुपर्ने व्याख्या गरेको छ।

न्यायाधीशद्वय महेश शर्मा पौडेल र बालकृष्ण ढकालको संयुक्त इजलासले यसअघि एकल इजलासबाट जारी अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिँदै सरकारको निर्णय कार्यान्वयनमा रोक लगाएको छ। 'नेपाल र मौरिससबीच भएको द्वैध कराधान मुक्ति सम्झौता तदनुरूप व्यवस्थापिकाबाट अनुमोदन सम्मिलन स्वीकृति वा समर्थन भएको नदेखिँदा सन्धिको व्यवस्था र राष्ट्रिय कानुनको व्यवस्था बाझिएमा सन्धिको व्यवस्था लागू हुने नभई राष्ट्रिय कानुनको व्यवस्था नै लागू हुने देखिन्छ,' आदेशमा भनिएको छ, 'त्यसो हुँदा डोल्मा इम्प्याक्ट फन्ड १ ले प्रचलित कानुनबमोजिम कर तिर्नुपर्ने हुन्छ। प्रचलित कानुनले तिर्नुपर्ने कर नतिरी नबुझाई कुनै पनि रकम विदेशमा लैजान स्वीकृति नदिनू/नदिलाउनू भनी अन्तरिम आदेश जारी गरिएको छ।' सर्वोच्चले



डोल्मा इम्प्याक्टबाट फन्ड १ ले नेपालमा सेयर लगानी गरी सोको बिक्रीबाट आर्जित पुँजीगत लाभमा कर कट्टी गर्न नपर्ने भनी भएको निर्णय रिट निवेदनको टुंगो नलागेसम्म कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको हो।

गत असोज २८ गते आन्तरिक राजस्व विभागबाट पुँजीगत लाभमा कर कट्टी गर्न नपर्ने बेहोराको श्री सीडीयस एन्ड क्लियरिङ लिमिटेडलाई प्रेषित गर्ने निर्णय भएको थियो। माघ २८ गते सर्वोच्चले दिएको अन्तरिम आदेशको लिखित व्याख्या शुक्रबार सार्वजनिक भएको हो। मौरिससमा दर्ता भएको डोल्मा इम्प्याक्ट फन्डमार्फत नेपालमा गरिएको लगानीलाई लाभकर छुट दिने प्रस्ताव मन्त्रिपरिषद्बाट पारित गरिएपछि यो विषय विवादित बनेको थियो। डोल्मालाई कर छुट दिन सरकारले नेपाल-मौरिससबीच सन् १९९१ मा भएको दोहोरो करमुक्ति सम्झौता नै खारेज गर्ने निर्णय गरेको थियो।

नेपाल र मोरिसस राज्यबीच सन् १९९९ अगस्ट ३ (२०५६ साउन १८) मा भएको द्वैध कराधान मुक्ति सम्झौता भएको थियो। सम्झौताको धारा १३(४) को व्यवस्थाबमोजिम डोल्मा इम्प्याक्ट फन्डले नेपालमा सेयर लगानी गरी सोको बिक्रीबाट आर्जित पुँजीगत लाभमा कर कट्टी गर्न नपर्ने निर्णय भएको थियो। सो निर्णय गर्दा नेपाल कानुन र सन्धिका व्यवस्था बाझिएमा प्रचलित कानुनको व्यवस्था अमान्य भई सम्झौताको व्यवस्था नै लागू हुने भन्ने महान्यायाधिवक्ताको कार्यालयबाट दिइएको कानुनी रायलाई आधारको रूपमा ग्रहण गरेको थियो।

» बाँकी पृष्ठ ७

## विकासको भोक मेटाइदेऊ

**पीताम्बर ढकाल**
संस्थापक डिन मध्यपश्चिम विश्वविद्यालय

विज्ञ मत



कर्णाली प्रदेश भौगोलिक रूपमा नेपालको सबैभन्दा ठूलो प्रदेश भए पनि राज्यको संरचना, स्रोत-साधनको बाँडफाँड, पूर्वाधार विकास र राजनीतिक प्रतिनिधित्वका दृष्टिले पछाडि छ। संविधान निर्माणका क्रममा कर्णालीको विकट भौगोलिक अवस्था, जनसंख्याको छरिएको बसोबास, यातायात र सञ्चारको सीमित पहुँच तथा ऐतिहासिक पक्षलाई समुचित रूपमा सम्बोधन गर्न नसकिएकै कारण आज पनि कर्णालीले न्यून प्रतिनिधित्व र विकासको असन्तुलन भोगिरहेको छ।

काठमाडौं एकै जिल्लामा १० निर्वाचन क्षेत्र हुँदा कर्णाली प्रदेशका १० वटा जिल्लामा १२ वटा मात्रै निर्वाचन क्षेत्र कायम गरियो। यसले नै कर्णालीको आवाजलाई उपेक्षा गरेको हो। त्यसैले कर्णालीमा निर्वाचन क्षेत्र संख्या वृद्धि गरी न्यायोचित राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्नु अत्यावश्यक छ। भौगोलिक विशालता र सेवा प्रवाहको कठिनाइलाई आधार मानेर प्रतिनिधित्व पुन: निर्धारण गरिनुपर्छ। अर्को कर्णालीको समृद्धिका लागि सबैभन्दा पहिला पूर्वाधार विकासलाई प्राथमिकता दिनुपर्छ।

साविक कर्णाली जाने मुख्य सडकमार्गहरू अझै पूर्णरूपमा स्तरोन्नति हुन सकेका छैनन्। जसका कारण आवागमन, आपूर्ति र सेवा प्रवाहमा समस्या भोगिरहनु परेको छ। सुर्खेत-दैलेख सडक खण्डको स्तरोन्नति, अन्तरजिल्ला सडक सञ्जालको विस्तार तथा प्रदेश राजधानीसँग सबै जिल्लाको सहज र भरपर्दो पहुँच सुनिश्चित गर्ने कुरा दलहरूले प्राथमिकतामा राख्नुपर्छ।

यातायात पूर्वाधार बलियो नभएसम्म शिक्षा, स्वास्थ्य, कृषि, उद्योग वा व्यापार कुनै पनि क्षेत्र प्रभावकारी रूपमा अघि बढ्न सक्दैन। मध्यपहाडी राजमार्गमार्फत कर्णालीलाई पूर्व-पश्चिम आर्थिक गतिविधिसँग जोड्दै आयात-निर्यात सन्तुलन कायम गर्नुपर्छ। यसैगरी, तिब्बतसँग सीमा नाका व्यवस्थापन, भन्सार पूर्वाधार सुदृढीकरण र बजार विस्तारमार्फत कर्णालीमा अन्तर्राष्ट्रिय व्यापारको ढोका खोल्नुपर्छ।

» बाँकी पृष्ठ ८

भित्री पृष्ठ




फुर्सद

ईश्वरीय करुणादेखि मानवीय संवेदनासम्म



महाशिवरात्रि : साधनाको महापर्व - *पृष्ठ ४*




के शिवपुराणले विज्ञानसँग कुरा गर्छ ? - *पृष्ठ ५*



सृष्टि, स्थिति र संहारमा शिवतत्त्व - *पृष्ठ ६*

# दुई दशकपछि जिया परिवार बंगलादेशको सत्तामा

### प्रधानमन्त्री सुशीला कार्कीले पनि दिइन् बधाई, छिमेकी सम्बन्ध सुदृढ पार्न तत्पर

**रामकला खड्का** | *काठमाडौं*

बंगलादेशमा बिहीबार सम्पन्न ऐतिहासिक निर्वाचनमा बंगलादेश नेसनलिस्ट पार्टी (बीएनपी)ले संसद्को दुईतिहाइभन्दा बढी सिट जित्दै स्पष्ट बहुमत हासिल गरेको छ। यस जितसँगै करिब दुई दशकपछि बीएनपी पुन: बंगलादेशको सत्तामा फर्किएको छ।

बंगलादेशमा जेन-जी आन्दोलनपछि भएको निर्वाचनमा संसद्को प्रत्यक्ष निर्वाचन हुने ३०० सिटमध्ये २ सय ०९ स्थानमा बीएनपीले जित हात पारेको त्यहाँको निर्वाचन आयोगले जनाएको छ। ३ सय ५० सदस्यीय 'जातीया सङ्सद'मा बहुमतका लागि आवश्यक पर्ने १ सय ५१ सिट हो। यसमध्ये संसद्मा ५० सिट महिलाका लागि आरक्षित छन्। जुन विजयी दलहरूबीच समानुपातिक रूपमा बाँडिन्छ। निर्वाचन आयोगका अनुसार मतदानमा ५९.४४ प्रतिशत मत खसेको थियो। बंगलादेशमा



१२ करोड ७० लाखभन्दा बढी योग्य मतदातामध्ये करिब आधा महिला छन् भने ५० लाख मतदाताले पहिलोपटक मतदान गरेका छन्।

बीएनपीले स्पष्ट बहुमत हासिल गरेसँगै पार्टी अध्यक्ष तारिक रहमानलाई देशको भावी प्रधानमन्त्री बन्ने बाटो खुलेको छ। यससँगै लाखौं विद्यार्थीको सपना पूरा गर्नुपर्ने चुनौती पनि उनीसामु छ। उनीहरूले बलियो लोकतन्त्र, भ्रष्टाचारको अन्त्य र अवसरहरूको उपलब्धताको माग गरेका थिए।

यसैबीच, बीएनपी अध्यक्ष रहमानका प्रेस सचिव सलेह सिब्लीले रहमानले आफ्ना समर्थकहरूलाई शुक्रबारको नियमित जुममा नमाजसँगै विशेष प्रार्थना गर्न आह्वान गरेको र कुनै पनि किसिमका विजय जुलुस नगर्न निर्देशन दिएको जानकारी दिए।

**जमात-ए-इस्लामीको बढ्यो प्रभाव**

निर्वाचन मुख्यत: बीएनपी र इस्लामवादी जमात-ए-इस्लामी नेतृत्वको ११ दलीय गठबन्धनबीच प्रतिस्पर्धात्मक रह्यो। बहुमत नपाए पनि गठबन्धनले कम्तीमा ७७ सिट जित्दै उल्लेखनीय उपस्थिति जनाएको छ। यसमा पनि जमात-ए-इस्लामीले एकल ६८ सिटहरू जितेर संसद्मा दोस्रो ठूलो दल बनेको छ। यो एउटा इस्लामिक राजनीतिक पार्टी हो र यसलाई करिब एक दशकसम्म चुनावमा भाग लिनबाट रोकिएको थियो।

जमात-ए-इस्लामीका प्रमुख साफिकुर रहमान ढाकाबाट निर्वाचित भई संसद्मा प्रमुख प्रतिपक्षी नेताको रूपमा उदाउने सम्भावना छ। तर, पार्टीका सह-महासचिव अहसानुल महबुब जुबेयरले केही निर्वाचन क्षेत्रमा नतिजा ढिलाइ हुनु 'असामान्य' भएको बताएका छन्।

**निर्वाचनको पृष्ठभूमि जेन-जी आन्दोलन**

कडा सुरक्षा व्यवस्थाबीच सम्पन्न यो निर्वाचनलाई बंगलादेशको लोकतन्त्र पुनर्स्थापनाको महत्त्वपूर्ण परीक्षा मानिएको छ। यो निर्वाचन जुलाई २०२४ मा भएको विद्यार्थी नेतृत्वको आन्दोलनपछि तत्कालीन प्रधानमन्त्री शेख हसिना सत्ताच्युत भएपछि पहिलोपटक भएको हो। ४६ दिनसम्म भएको उक्त आन्दोलनमा करिब १४ सयभन्दा बढी प्रदर्शनकारीको ज्यान गएको थियो भने २० हजारभन्दा बढी घाइते भएका थिए।

आन्दोलनमा दमन गरेको भन्दै बंगलादेशको एक अदालतले गत नोभेम्बरमा हसिनालाई मानवताविरुद्धको अपराध गरेको ठहर गर्दै मृत्युदण्डको सजाय सुनाएको थियो। हाल उनी भारतमा छिन्। बंगलादेशको अनुरोधका बाबजुद पनि भारतले उनलाई नसुम्पिँदा दुई छिमेकी देशबीच सम्बन्ध पनि तनावपूर्ण बनेको छ। हसिना देश छाडेर भागेपछि नोबेल शान्ति पुरस्कार विजेता मोहोम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको थियो।

सन् २०२४ मा बंगलादेशको शेख हसिनाको सरकार पतन गराउन नेतृत्व गर्ने विद्यार्थी आन्दोलनकारीहरूले पछि आफ्नै राजनीतिक दल नेसनल सिटजन पार्टी (एनसीपी) गठन गरेका थिए। बिहीबार सम्पन्न निर्वाचनमा उक्त पार्टीले जम्मा ६ सिट जितेको छ। जसमध्ये अधिकांश २० वर्षको उमेर समूहका छन्।

» बाँकी पृष्ठ ८